आज मिति २०७५ साल श्रावण २४ गतेका दिन यस लमही नगरपालिका नगर कार्यपालिकाका प्रमुख श्री कुल बहादुर के.सी.ज्यूको अध्यक्षतामा तपसिलका महानुभावहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक वसी देहायका निर्णयहरु गरियो ।

**तपसिल**

| क्र.स. | नाम/पद | हस्ताक्षर |
|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. (नगर प्रमुख) | |
| २ | श्री देवका बेलबासे ( नगर उप-प्रमुख ) | |
| ३ | श्री नुमराज पौडेल (वडा अध्यक्ष , वडा नं. १ ) | |
| ४ | श्री नेपालु चौधरी (वडा अध्यक्ष , वडा नं. २ ) | |
| ५ | श्री बावुराम चौधरी (वडा अध्यक्ष , वडा नं. ३ ) | |
| ६ | श्री सुवास न्यौपाने (वडा अध्यक्ष , वडा नं. ४) | |
| ७ | श्री विम बहादुर के.सी. (वडा अध्यक्ष , वडा नं. ५ ) | |
| ८ | श्री गणेशमान चौधरी (वडा अध्यक्ष , वडा नं. ६ ) | |
| ९ | श्री मोहन गिरी (वडा अध्यक्ष , वडा नं. ७ ) | |
| १० | श्री मेघनारायण चौधरी (वडा अध्यक्ष , वडा नं. ८ ) | |
| ११ | श्री भेष बहादुर के.सी. (वडा अध्यक्ष , वडा नं. ९) | |
| १२ | श्री राधा देवि के.सी. (सदस्य ) | |
| १३ | श्री नारायणी खड्का (सदस्य ) | |
| १४ | श्री पार्वति विश्वकर्मा (सदस्य ) | |
| १५ | श्री सुनिता कुमारी चौधरी (सदस्य ) | |
| १६ | श्री वम बहादुर विश्वकर्मा (सदस्य ) | |
| १७ | श्री ठगे नेपाली (सदस्य ) | |
| १८ | श्री रमेश कुमाल (सदस्य ) | |
| १९ | श्री अनिता चौधरी (सदस्य ) | |
| २० | श्री गोहेन्द्र बहादुर डाँगी ( सचिव ) | |

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
५ नं.प्रदेश, नेपाल

०७५। ४।२४ गते लमही नगर कार्यपालीकाको बैठकबाट भएका निर्णयहरु :

**निर्णय नं. १** : लमही स्थित चौराह देखि राप्ती पुल सम्मको लमही कोईलाबास सडक खण्डलाई साविकमा स्विकृत ३० मीटरकै परिधि भित्र रही ४ लेनको सडक बनाउन सैद्धान्तिक स्विकृती दिने निर्णय गरियो ।

निर्णय नं २ : लमही नगरपालीकाका विभिन्न वडाहरुका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई बढी सहज र सरल तरीकाले वितरण व्यवस्थापन मिलाउन साविक बैंकहरुका अतिरिक्त अब उप्रान्त देहाय बमोजिमका वैकहरुमा सेवा ग्राहीहरुका खाता संचालन व्यवस्थापन गर्ने गरी वडा कार्यालयहरुले खाता खोली नगरपालीकालाई जानकारी उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं | वडा कार्यालय | खाता खोल्न सिफारिस गरिएका बैंक |
|---|---|---|
| १. | १ नं वडा कार्यालय | श्री लक्ष्मी बैक लिमिटेड, लमही, दाङ । |
| २. | २ नं वडा कार्यालय | श्री कैलास विकास बैक लिमिटेड, लमही, दाङ । |
| ३ | ३ नं वडा कार्यालय | श्री लक्ष्मी बैक लिमिटेड, लमही, दाङ । |
| ४ | ४ नं वडा कार्यालय | श्री कामना सेवा विकास बैक लिमिटेड, लमही, दाङ |
| ५ | ५ नं वडा कार्यालय | श्री कामना सेवा विकास बैक लिमिटेड, लमही, दाङ |
| ६ | ६ नं वडा कार्यालय | श्री कैलास विकास बैक लिमिटेड, लमही |
| ७ | ७ नं वडा कार्यालय | श्री सांग्रीला विकास बैक लिमीटेड, लमही |
| ८ | ८ नं वडा कार्यालय | श्री भागर्व बैक लिमिटेड, लमही |
| ९ | ९ नं वडा कार्यालय | श्री भागर्व बैक लिमिटेड, लमही |

निर्णय नं ३ : चालु आ.व. ०७५।०७६ मा एकीकृत सम्पत्ति कर संगै लिने गरिएको फोहोर मैला संकलन तथा व्यवस्थापन पछि नगर सभाबाट अनुमोदन गर्ने गरि अव उप्रान्त देहाय बमोजिम हुने गरी सर सफाई कर लिने निर्णय गरियो ।

लमही नगरपालीका क्षेत्रका पूर्व पश्चिम राजमार्ग वडा नं १ देखि वार्ड नं ९ को रिहार सम्मका दायाँ वायाँ बनेका घर,संरचना र व्यवसायी सवै संग साविक स्वीकृत भए बमोजिम कर असुल गर्ने, वार्ड नं ६ अर्जुन खोला, देउपुर स्कुल, रुपनारायण चौधरीको घर देखि, पिपलबोट हुदै वार्ड नं ५ को सिमाना सम्मको पिचबाटोमा मात्र साविक बमोजिम फोहोर मैला कर लिने बाँकी सवै अन्य वडावासीहरुबाट मिति ०७५।४।२५ गते देखि नलिने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
५ नं. प्रदेश, नेपाल

निर्णय नं ४ :

ईटा भट्टा उद्योगहरुको दर्ता तथा नविकरण गर्ने प्रयोजनका लागि ईटा भट्टा उद्योग संचालन तथा व्यवस्थापन कार्यविधी बनाई तत्काल पेश गर्न नगरकार्यपालीका विधेयक समितिलाई निर्देशन दिने निर्णय गरियो ।

कार्यविधी स्वीकृती भए पछि कार्यविधीमा उल्लेख भए बमोजिमको टोलीले प्रतिवेदन गर्ने र कार्यविधी निर्माण हुनु पूर्व अध्ययन टोलीका सम्वन्धमा एकपटकका लागि स्थलगत अध्ययन गर्ने प्रयोजनका लागि देहाय बमोजिम अध्ययन तथा प्रतिवेदन टोली गठन गर्ने निर्णय गरियो ।

*अध्ययन तथा प्रतिवेदन टोली*

| | |
|---|---|
| वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक श्री नेपालु चौधरी | अध्यक्ष |
| नगर कार्यपालीका सदस्य, वार्ड नं ३ का अध्यक्ष श्री बाबुराम चौधरी | सदस्य |
| नगर कार्यपालीका सदस्य, श्री नारायणी खड्का | सदस्य |
| सव ईन्जिनियर श्री विकास सिंह, पूर्वाधार विकास शाखा | सदस्य |
| सामाजिक विकास शाखा श्री पुष्पराज अधिकारी | सदस्य |

**निर्णय नं ५** : लमही नरपालीका क्षेत्र भित्र रहेका सार्वजनिक, ऐलानी, सरकारी जग्गामा निर्मित घर टहराहरुबाट आवश्यक बहाल विटौरी कर निर्धारण गरि असुली गर्ने सन्दर्भमा लमही नगर कार्यपालीका राजस्श परामर्श समितिबाट सुझाव सहितको प्रतिवेदनका लागि राजश्व परामर्श समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६** : आ.व. ०७४।०७५ मा दैनिक कार्य संचालनका लागि लमही नगरपालीका र ९ वटै वडा कार्यालयहरुमा सेवा करारमा राखिएका करारका कर्मचारीहरुलाई ०७५ श्रावण १ देखि ०७५ कार्तिक मसान्त सम्म सेवा करार म्याद थप गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत

**निर्णय नं ७** : कानूनी सल्लाहकार श्री दिपक कुमार रेग्मी र प्रेस संयोजक श्री शिवु खनाललाई २०७५ साल श्रावण देखि मासिक पारिश्रमिक स्वरुप रु १५,०००। का दरले उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ८** : लमही नगरपालीका क्षेत्र भित्र रहेका सामुदायीक विद्यालयहरुका शिक्षक दरवन्दी मिलान गर्नको लागि नगर स्तरीय शिक्षा समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ९** . नेपाल सरकार ( मन्त्रिपरिषद् ) को मिति ०७५।३।३२ को निर्णयनानुसार लमही अस्पताल स्थानीय तहमा हस्तारण भए बमोजिम हाल अस्पतालको स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा संचालन व्यवस्थापन गर्न अत्यावश्यक सेवाको रुपमा रहेका साविक कार्यरत भई ०७५ श्रावण १ गते देखि अस्पताल विकास समिति तर्फ रिक्त रहन गएका विभिन्न पद ( प्राविधीक र केही कार्यालय सहयोगी, सवारी चालक पदहरु) **लमही नगरपालीकाको करारमा प्राविधीक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धि कार्यविधी, २०७५** बमोजिम सेवा करारमा लिने गरि विज्ञापन गरि पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्ण नं. १०** लमही नगरपालिकाको आ.व. ०७४।०७५ मा सम्पादित बार्षिक वजेट, कार्यक्रम तथा सोको खर्च सम्बन्धि श्रेस्ताको आन्तरिक लेखा परीक्षण गर्ने प्रयोजनका लागी श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगरको च.न. १४४ मिति ०७५।०३।०५ मा गरिएको परिपत्र बमोजिम यस नगरपालिकाको आ.व.०७४।०७५ को श्रेस्ताको आन्तरिक लेखा परिक्षण गर्नको लागी कोष तथा लेखा नियन्त्रक कार्यालय, घोराही, दाङलाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत